## गोश्वारा हुलाक कार्यालय, सुन्धाराको घर भाडा लिने सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः- २०७०।०२।२८**

यस कार्यालय अन्तर्गत इलाका हुलाक कार्यालय कालिमाटीको लागि कालिमाटी फलफुल बजार देखि पश्चिम कलंकी चोकको दायाँ बायाँ एरियामा एक सटर अथवा दुई कोठा (१०"×"१२) कार्यालय प्रयोजनको लागि भाडामा लिनु पर्ने भएकोले इच्छुक घरधनीहरुले कार्यालयले पेश गरेको शर्तको अधिनमा रही आफुले मासिक कबोल गरेको रकम उल्लेख गरी सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) औं दिनमा कार्यालय समय भित्र गोप्य खामबन्दी गरी प्रस्ताव कार्यालयमा पेश गर्न सूचित गरिन्छ। विस्तृत सुचना कार्यालयको सूचना पार्टीमा टाँस गरिएको व्यहोरा अनुरोध छ।

### शर्तहरुः

१. कोठा/सटर कालिमाटी फलफुल बजार देखि पश्चिम कलंकी चोकको दायाँ बायाँ एरियामा हुनुपर्ने छ।
२. कोठा/सटरको क्षेत्रफल कम्तीमा १०"×"१२ साईजको हुनुपर्ने छ।
३. कार्यालयलाई उपयुक्त लागेको कोठा/सटर घरभाडा निर्धारण समितिले निर्धारण गरेको दररेटमा मात्र भाडामा लिईने छ।
४. कर्मचारीको लागि शौचालयको सुविधा घरधनीले उपलब्ध गराउनुपर्ने छ।
५. घरधनीले कबोल गरेको घर बहालकर समेतको आर्थिक प्रस्तावको साथमा नागरिकताको प्रमाणित प्रतिलिपि जग्गाधनी प्रमाणपत्र (प्रतिलिपि) पेश गर्नुपर्ने छ।
६. प्रस्ताव दाखिला गर्ने स्थानः गोश्वारा हुलाक कार्यालय, सुन्धारा।
७. प्रस्ताव दाखिला अन्तिम मिति : सुचना प्रकाशित भएको १५ औं दिनको कार्यालय समय भित्र ( बिदा परेमा भोलिपल्ट) र १६ औं दिनमा प्रस्ताव खोली त्यसपछि रेण्ट कमिटीमा पेश गरिने छ।
८. घर भाडा भुक्तानी गर्दा नियमानुसार लाग्ने घर बहालकर कट्टि गरिने छ।
९. अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद (तेस्रो संशोधन) नियमावली २०६८ तथा अन्य प्रचलित ऐन कानून अनुसार हुनेछ।

(गोविन्द कुँवर)
शाखा अधिकृत